# कर्णाली प्रदेश आर्थिक विधेयक

२०७८

कर्णाली प्रदेश सभा सचिवालय

वीरेन्द्रनगर, सुर्खेत

विधेयक संख्याः

# कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०७८

**कर्णाली प्रदेश सभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

# उद्देश्य र कारण

कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्न, कर र शुल्क लगाउन आवश्यक भएकोले यो विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकमा राजस्व, कर र शुल्कको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउन, घटाउन वा आंशिक वा पुरै छुट दिने व्यवस्था गरिएको छ ।

गोपाल शर्मा
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत

**द्रष्टव्यः** यो विधेयक अर्थ विधेयक हो ।

# कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन सम्वत् २०७८ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "घर जग्गा रजिष्ट्रेशन शुल्क" भन्नाले रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घर जग्गा रोक्का दस्तुर सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ग) "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

३. **घर जग्गा रजिष्ट्रेशन शुल्कः** (१) कर्णाली प्रदेश क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्क लगाइनेछ।

(२) घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखत स्वामित्व प्राप्त गर्ने व्यक्तिले बुझाउनु पर्नेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम् रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(४) घर जग्गा रजिष्ट्रेशन शुल्क घर, जग्गा वा घर जग्गा रहेको गाउँपालिका वा नगरपालिकाले उठाउनेछ।

(५) उपदफा (४) बमोजिम उठाएको घर जग्गा रजिष्ट्रेशन शुल्क स्थानीय विभाज्य कोषमा जम्मा गरी सो रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) गाउँपालिका वा नगरपालिका वा मालपोत कार्यालयले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

४. **सवारी साधन करः** (१) प्रदेशले सवारी साधनमा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाई असुल उपर गर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिको सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थानमा रहेको प्रदेशको यातायात कार्यालयमा कानुन बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "यातायात कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय वा यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्छ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

५. **मनोरञ्जन करः** (१) प्रदेशले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन घर, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाई असुल उपर गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर मनोरञ्जनको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम र अन्यको हकमा मनोरञ्जन स्थलको टिकटमा लाग्नेछ।

(३) यस दफा बमोजिम संकलन गरेको कर रकम उक्त महिना समाप्त भएको पच्चीस दिनभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा दाखिला गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम संकलित भएको कर रकम स्थानीय विभाज्य कोषमा राखी सो रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आफ्नो सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको कर प्रशासनको जिम्मेवारी सम्बन्धित गाउँपालिका वा नगरपालिकाको हुनेछ।

६. **विज्ञापन कर:** (१) प्रदेशभित्र विज्ञापन सामग्री राखे वापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले विज्ञापन कर लगाई असुल उपर गर्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होडिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर, बेलुन जस्ता सामग्री तथा विद्युतीय माध्यमबाट गरिने विज्ञापन सम्झनु पर्छ।

(२) विज्ञापन सामग्री राख्न चाहने व्यक्तिले सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा गाउँपालिका वा नगरपालिकाले सर्वसाधारण जनताको अहित हुने नदेखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३) बमोजिमको अनुमति दिंदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण

गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, वातावरणीय स्वच्छता एवं सौन्दर्यता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता एवं शालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्न सक्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सो निकायको सहमति लिनु पर्नेछ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुने छैन।

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको कर रकम स्थानीय विभाज्य कोषमा राखी सो रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(९) विज्ञापन कर असुली सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिकाको कानुन बमोजिम हुनेछ।

७. **कृषि आयमा करः** (१) प्रदेशले आफ्नो क्षेत्र भित्रको कृषि आयमा कर लगाउनेछ ।

(२) कृषि आयमा कर कृषि उपजको प्रारम्भिक रुपमा बिक्री गरेको बखत लगाईनेछ ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "कृषि उपज" भन्नाले धान, गहुँ, कोदो, फापर, मकै, फलफूल, तरकारी, आलु, पशुपन्छी, माछा, दुध, तेलहन लगायतका अन्य कृषि उपज समेत सम्झनु पर्छ ।

(३) यस दफा बमोजिमको उठेको कर रकम मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको कर प्रशासन प्रदेश सरकारले तोके बमोजिम गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७८/७९ मा उल्लिखित कर लगाइने र असुल गरिने छैन ।

८. **पर्यटन शुल्कः** (१) प्रदेशले पर्यटन स्थल, व्यवसाय वा क्रियाकलापमा उपलब्ध गराउने सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र प्रदेश सरकार वा स्थानीय तहले पर्यटन शुल्क लगाउन पाउने छैन।

९. **दहत्तर बहत्तर शुल्कः** (१) संघीय कानुनले अन्य व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये प्रदेशले आफ्नो क्षेत्रभित्र अनुसूची-४ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन शुल्क लगाउनेछ र असुल उपर गर्नेछ ।

(२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ढुङ्गा, बालुवा र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय

कानुन बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्य योजना प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेशले नेपाल सरकारको नीति अनुसार वातावरणमा प्रतिकूल असर नपर्ने र सर्वसाधारण जनताको हित हुने देखेमा गाउँपालिका वा नगरपालिकालाई त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन शर्त सहित स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन सक्नेछ।

(५) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नुपर्नेछ। त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ।

(६) ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर संकलनबाट उठेको शुल्क स्थानीय विभाज्य कोषमा राखी सो रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आफ्नो सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१०. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानुनमा जनुसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानुन बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा

पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

११. **घर जग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासन:** घरजग्गा रजिष्ट्रेशन शुल्क संकलन गर्न गाउँपालिका वा नगरपालिकामा स्रोत, साधन, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन भई नसकेको अवस्थामा नेपाल सरकारले तोकेका कार्यालयहरुले यस ऐनले निर्धारण गरे बमोजिमको दर अनुसारको कर तथा शुल्क उठाई सम्बन्धित विभाज्य कोष वा सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "नेपाल सरकारले तोकेका कार्यालय" भन्नाले मालपोत, भूमिसुधार तथा नापी कार्यालय जस्ता कार्यालय सम्झनु पर्छ।

१२. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने** : प्रचलित कर सम्बन्धी कानुन तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा

सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानुनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानुन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा मन्त्रालयले ऐनको मनसायको प्रतिकूल नहुने गरी आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

# अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

# रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर

## क. घर जग्गा रजिष्ट्रेशन दस्तुरः

| सि नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | |
| | क) राजिनामा, सट्टापट्टा, र सगोलनामाको लिखतको थैली अंकमा | ४% | २% |
| | ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | २% | १% |
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ४% | २% |
| २. | छोडपत्र | | |
| | दर्ताफारी (संयुक्त दर्तावाला वीचको) लिखितको थैली अङ्कमा | २% | १% |
| ३. | हालै देखिको वकसपत्रको लिखत | | |
| | हालै देखिको वकसपत्रको लिखतको थैली अंकमा | | |
| | क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाईवुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु–ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीवुहारी, काका, काकी, मामा माइजू, भाञ्जा भाञ्जी ठूलो–बुवा, ठूली | | |

| सि नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | आमा (वावु तर्फका) आमाजू, नन्द, सौता–सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदैनी बीच। | | |
| | अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १% | ०.५% |
| | आ) रु. १ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २% | १% |
| | ख) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १०% |
| | ***स्पष्टीकरण:*** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकार, स्थानीय निकाय तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन । | | |
| ४. | **अंशवण्डा तथा अंश भर्पाईको लिखत** | | |
| | अंशवण्डा तथा अंश भपाईको लिखतमा | | |
| | क) रु.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% |
| | ख) रु.३० लाख भन्दा वढी रु. २ करोडसम्मको थैली अङ्कमा | ०.३% | ०.३% |
| | ग) रु.२ करोड भन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | |
| | क) मानो छुट्टिएको प्रति लिखत | रु.१०,०००। | रु.५,०००। |
| | ख) मानो जोडिएको प्रति लिखत | रु.१०,०००। | रु.५,०००। |
| ६. | **शेषपछिको वकसपत्रको लिखत शेषपछिको वकसपत्र / अष्टलोहको प्रतिलिखत** | | |
| | क) तीन पुस्ताभित्रको | रु.५,०००। | रु.२,०००। |
| | ख) तीन पुस्ताबाहिरको | रु.१०,०००। | रु.४,०००। |

| सि नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ७. | **बन्धकीको लिखत** | | |
| | दृष्टिबन्धकी, भोगबन्धकी, र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% |
| ८. | **धर्मपुत्र, धर्मपुत्रीको लिखत** | | |
| | धर्मपुत्र, धर्मपुत्रीको प्रति लिखतमा | | |
| | क) तीनपुस्ता भित्रको नातामा | रु.१,०००। | रु.१,०००। |
| | ख) तीनपुस्ता बाहिरकोमा | रु.५,०००। | रु.४,०००। |
| ९. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत** | रु.२,०००। | रु.२,०००। |
| १०. | **कपाली तमसुक र करारनामाको लिखत** | | |
| | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% |
| ११. | सि.नं. ४ को अंशवण्डा तथा अंश भपाईको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि ८ सम्मका घर जग्गा रजिष्ट्रेशन दस्तुर लाग्ने लिखतहरू अर्को इलाकामा पारित गर्न सकिने छैन । | | |

## ख. सेवा शुल्कः

| सि नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुरः- | रु.५,०००। | रु.२,०००। |
| २. | वित्तीय धितो | | |
| | नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी | | |

| सि नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | |
| | क) रु. १,००,०००।–सम्मको लिखतको थैली अङ्कमा | रु.१०००। | रु.१०००। |
| | ख) रु. १,००,०००।–भन्दा बढी रु. ५,००,०००।–सम्मको थैली अङ्कमा | रु.१५००। | रु.१५००। |
| | ग) रु.५,००,०००।-भन्दा बढी रु. १०,००,०००।-सम्मको थैली अङ्कमा | रु.२५००। | रु.२५००। |
| | घ) रु.१०,००,०००।–भन्दा बढी रु. २०,००,०००।- सम्मको थैली अङ्कमा | रु.३,०००। | रु.३,०००। |
| | ङ) रु.२०,००,०००।-भन्दा बढी रु. ५०,००,०००।-सम्मको थैली अङ्कमा | रु.५,०००। | रु.५,०००। |
| | च) रु. ५०,००,०००।–भन्दा बढी रु. १,००,००,०००।–सम्मको थैलीअङ्कमा | रु.२०,०००। | रु.२०,०००। |
| | छ) रु १,००,००,०००।–भन्दा बढी रु.२,००,००,०००।–सम्मको थैली अङ्कमा | रु.३०,०००। | रु.३०,०००। |
| | ज) रु २,००,००,०००।–भन्दा बढी रु.५,००,००,०००।–सम्मको थैलीमा अङ्कमा | रु.६५,०००। | रु.६५,०००। |
| | झ) रु.५,००,००,००० भन्दा वढी जतिसुकै थैली अङ्कमा | रु.१०००००। | रु.१०००००। |
| ३. | लिज | सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची–१ अनुसारको दस्तुर लाग्नेछ । | |
| | सरकारी जग्गा लिजमा उपलव्ध गराउने | | |

| सि नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ४. | जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा | रु.३००। | रु.१००। |
| | नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागू हुनेछ | | |
| ५. | दाखिल खारेज शुल्क | | |
| | क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ४% | २% |
| | ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा | २% | १% |
| | ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ४% | २% |
| | घ) बैंक वित्तीय संघ वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संघा वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.५०००। | रु.२०००। |
| | ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २% | १% |

| सि नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|---|
| | | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | १) भूमिसुधार कार्यालयबाट जग्गा वाडफाड भई दा.खा. हुन आँउदा प्रति मिसिल | | रु.३००। | रु.२००। |
| | २) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | | रु.१०००। | रु.५००। |
| | च) शेषपछिको वकसपत्रको दाखिल खारेज | | | |
| | क) तिनपुस्ता भित्रको भए | | सबै क्षेत्रका लागि अंशबण्डा सरह | |
| | ख) तिनपुस्ता बाहिरको भए (थैली अंक)मा | | सबै क्षेत्रका लागि राजीनामा सरह | |
| ६. | नामसारी | नामसारी | | |
| | | क) तिन पुस्ता भित्रको नामसारी गर्दा | रु १,०००। | रु.५००। |
| | | ख) तिन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु ३,०००। | रु.१५००। |
| ७. | हाल साविक | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.२००। | रु.१००। |
| ८. | घर कायम | श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२,०००। | रु.५००। |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.१००। | रु.५०। |
| १० | रोक्का दस्तुरः | क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भए पनि) | नलाग्ने | नलाग्ने |
| | | ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | |
| | | अ) रु.१००,०००। सम्मको ऋण अङ्कमा | रु.३००। | रु.२००। |

| सि नं. | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|---|
| | | | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | | आ) रु.१,०००००। भन्दा वढी रु. ५,००,०००। सम्म | रु.५००। | रु.३००। |
| | | इ) रु.५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | रु.७००। | रु.५००। |
| | | ई) ऋण अङ्क नखुलेकोमा | रु.३०००। | रु.२०००। |

## ग. विविधः

| | |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ । |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ३. | सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ४. | सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले |

| | | |
|---|---|---|
| | | छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ५ | क) | कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ । तर सेवा शुल्क रु. १०००।– लाग्नेछ । |
| | ख) | कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ । तर सेवा शुल्क रु. ५००।–लाग्नेछ । |
| ६ | क) | सहकारी ऐन, २०७४ वमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु विच ऋण लगानी/प्रवाह गर्दा पाँच लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का दस्तुर वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड ख. सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्ने छ । |
| | ख) | बैंकिङ्ग तथा वित्तिय व्यवसाय र विमा व्यवासाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन दस्तुर वाहेक अन्य दस्तुर लाग्ने छैन । |
| ७ | | जनआन्दोलन पहिलो, दोश्रो र प्रदेश प्राप्तिको आन्दोलनमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता–पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| ८. | | अपाङ्गता भएका व्यक्ति, दलित एव पिछडिएका जाती भनी स्थानीय निकायवाट प्रमाणित भएको सिफारिस वा अधिकारीक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| ९. | क) | महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरि पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ । तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ । |

| | |
|---|---|
| | देहायमा उल्लिखित हिमाली क्षेत्रका जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा पचास प्रतिशत छुट हुनेछ ।<br>अ) हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा । |
| | ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.१००।– मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ । |
| | ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको लिखतमा ५०% छुट दिइनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| १० | भूमिहिन मुक्त कमैया र मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रूपमा छुट हुनेछ । |
| ११. | बैंक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एवं सहकारी संघ-संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ । |
| १२ | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउँमा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ । |
| १३ | सहकारी ऐन अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक विक्रि गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन दस्तुर असूल उपर गरिनेछ । |

| | |
|---|---|
| १४ | विविधको क्रमसंख्या ७, ८, ९ र १० बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ । |
| १५ | एउटै कारोवारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरिद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ । |
| १६ | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुर छुट दिईनेछ । |
| १७ | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या १ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| १८ | संघीय सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । त्यसै गरी प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा संघीय सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |
| १९ | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरीद गरी लिएमा सो मा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |
| २० | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सवाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ । |

# अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

# सवारी साधन कर

**१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-**

| सवारीको किसिम | |
|---|---|
| क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी सम्म | रु. १९,०००।– |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु. २१,०००।– |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।– |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३२,०००।– |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।– |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५३,०००।– |
| ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| (आ) मिनीटिपर | रु. २५,०००।– |
| ग) थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) थ्री ह्वीलर र टेम्पो | रु. ५,०००।– |
| (आ) ट्रेक्टर | रु. ४,०००।– |
| (ई) पावर टिलर | रु. ३,०००।– |
| घ) मिनिट्रक/मिनिबस | रु. २२,०००।– |
| ङ) ट्रक/बस | रु. ३०,०००।– |
| च) मोटर साइकल | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२,५००।– |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४,०००।– |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.८,०००।– |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१५,०००।– |

२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-

| सवारीको किसिम | | |
|---|---|---|
| क) | कार, जिप, भ्यान, माइक्रो बस | **वार्षिक कर दर** |
| | (अ) १३०० सी.सी.सम्म | रु. ८,०००।– |
| | (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ९,०००।– |
| | (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु. ११,०००।– |
| | (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु. १३,०००।– |
| | (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु. १५,०००।– |
| ख) | डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. १७,०००।– |
| ग) | थ्री ह्वीलर र टेम्पो | रु. ४,०००।– |
| घ) | ट्याक्टर | रु. २,५००।– |
| ङ) | पावर टिलर | रु. २,०००।– |
| च) | मिनीट्रक, मिनीबस | रु. १२,०००।– |
| छ) | मिनी ट्रिपर | रु. १४,०००।– |
| ज) | ट्रक, बस | रु. १६,०००।– |

३. बाटो इजाजतपत्र दस्तुर (नविकरण समेत)

| सि. नं. | दुरी (कि.मि.) | सवारीको वर्गिकरण र दस्तुर | |
|---|---|---|---|
| | | ठुला र मझौला बस, मिनिबस आदी | ठुला र मझौला ट्रक, मिनिट्रक आदी |
| १. | १ कि.मि. देखि ५० कि.मि. सम्म | रु. ७००।- | रु. ८००।- |
| २. | ५१ कि.मि. देखि १०० कि.मि. सम्म | रु. ८००।- | रु. ९००।- |
| ३. | १०१ कि.मि. देखि १५० कि.मि. सम्म | रु. १०००।- | रु. ११००।- |
| ४. | १५१ कि.मि देखि २०० कि.मि. सम्म | रु. ११००।- | रु. १३००।- |
| ५. | २०१ कि.मि. देखि २५० कि.मि. सम्म | रु. १२००।- | रु. १४००।- |
| ६. | २५१ कि.मि. देखि ३०० कि.मि. सम्म | रु. १४००।- | रु. १५००।- |
| ७. | ३०१ कि.मि. देखि ३५० कि.मि. सम्म | रु. १५००।- | रु. १७००।- |
| ८. | ३५१ कि.मि. देखि ४०० कि.मि. सम्म | रु. १६००।- | रु. १८००।- |
| ९. | ४०१ कि.मि. देखि ४५० कि.मि. सम्म | रु. १७००।- | रु. १९००।- |
| १०. | ४५१ कि.मि. देखि ५०० कि.मि. सम्म | रु. २१००।- | रु. २३००।- |

| सि. नं. | दुरी (कि.मि.) | सवारीको वर्गिकरण र दस्तुर | |
|---|---|---|---|
| | | ठुला र मझौला बस, मिनिबस आदी | ठुला र मझौला ट्रक, मिनिट्रक आदी |
| ११. | ५०१ कि.मि. देखि ५५० कि.मि. सम्म | रु. २३००।- | रु. २५००।- |
| १२. | ५५१ कि.मि. देखि ६०० कि.मि. सम्म | रु. २५००।- | रु. २७००।- |
| १३. | ६०१ कि.मि. देखि ६५० कि.मि सम्म | रु. २७००। | रु. ३०००।- |
| १४. | ६५१ कि.मि. देखि ७०० कि.मि. सम्म | रु. २९००।- | रु. २६००।- |
| १५. | ७०१ कि.मि भन्दा माथि | रु. ३२००।- | रु. ३०००।- |

**४. बाटो इजाजत दस्तुर (नविकरण समेत)**

| (पाँच सिट भन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि) | |
|---|---|
| **दुरी (कि.मि.)** | **दस्तुर** |
| १-५० सम्म | रु. ५००।- |
| ५१-१०० सम्म | रु. ६००।- |
| १०१-१५० सम्म | रु. ७००।- |
| १५१-२५० सम्म | रु. ८००।- |
| २५१-३०० सम्म | रु. ९००।- |

**५. सवारी साधन दर्ता शुल्क**

| विवरण | हाल कायम रहेको निजी सवारी साधनको दर | हाल कायम रहेको भाडा सवारी साधनको दर |
|---|---|---|
| (क) बस, ट्रक | २५००।- | ३५००।- |
| (ख) मिनि ट्रक, मिनि बस, ट्याक्टर | २०००।- | २५००।- |
| (ग) कार, जिप, भ्यान, पिकअप, टेम्पो | १५००।- | २५००।- |
| (घ) मोटरसाइकल, स्कुटर | ५००।- | - |
| (ङ) अटो टेम्पो | १०००।- | १५००।- |
| (च) सरकारी मोटरसाइकल | ८००।- | - |

### ६. सवारी साधन नामसारी

| विवरण | हाल कायम रहेको निजी सवारी साधनको दर | हाल कायम रहेको भाडा सवारी साधनको दर |
|---|---|---|
| (क) बस, ट्रक | १२००।- | २५००।- |
| (ख) मिनि ट्रक, मिनि बस, ट्याक्टर | १०००।- | १५००।- |
| (ग) कार, जिप, भ्यान, पिकअप, टेम्पो | ८००।- | १५००।- |
| (घ) मोटरसाइकल, स्कुटर | ५००।- | - |

### ७. हाल कायम रहेको ब्लुबुक नविकरण शुल्क

| विवरण | शुल्क |
|---|---|
| (क) भाडा बस, ठुला टिप्पर | १०००।- |
| (ख) भाडा मिनिबस, टिप्पर | ८००।- |
| (ग) निजी बस, ठुला टिप्पर | ५००।- |
| (घ) निजी बस, टिप्पर | ५००।- |
| (ङ) ट्याक्टर | ८००।- |
| (च) एम्बुलेन्स | ५००।- |
| (छ) मोटरसाईकल, स्कुटर | २००।- |
| (ज) निजीगाडी (जिप) (वर्ग-क/च) | ५००।- |
| (झ) सरकारी/भाडा जिप (वर्ग-ज/झ) | ८००।- |
| (ञ) पावरटेलर | ३००।- |
| (ट) निजी मेशिनरी औजार (डोजर, रोलर, एक्साभेटर) | ५००।- |
| (ठ) भाडा टेम्पो | ५००।- |
| (ड) निजी टेम्पो | ५००।- |

### ८. दर्ता परिवर्तन दस्तुर

| विवरण | निजीमा जाँदा | भाडामा जाँदा |
|---|---|---|
| (क) ठुला सवारी बस/ट्रक | १५००।- | २५००।- |
| (ख) साना/मझौला सवारी/मिनिवस/मिनि ट्रक/जिप/कार/भ्यान | ८००। | १०००।- |

## ९. सवारी साधन दर्ता/नामसारी रोक्का

सवारी साधन कुनै कारणले रोक्का राख्नु पर्ने भएमा रु. ५००।- दस्तुर लाग्नेछ।

## १०. सवारी साधन दर्ता किताब (ब्लुबुक) हराए वा नासिएमा प्रतिलिपि लिदाँ लाग्ने दस्तुर

ठुला सवारी साधन बस, ट्रक, मिनिवस, मिनि ट्रक, मेशिनरी औजारको हकमा रु. १०००।-

माथि उल्लिखित बाहेकका सवारी साधनको हकमा रु. ५००।-

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश र स्थानिय तहको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकार वा प्रदेश सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा पचास प्रतिशत छुट पाउनेछन् । |

| | |
|---|---|
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १२. | विद्युत सोलार वा व्याट्रीबाट चल्ने सवारी साधनमा सवारी निर्माण तथा सम्भार दस्तुर पचास प्रतिशत छुट हुनेछ । |
| १३. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १४. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन । |
| १५. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत  पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ । तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १६. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १७. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १८. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडीको अवधिको यस्तो कर लाग्ने छैन । |
| १९. | सरकारी, संस्थान, पर्यटन सवारीको दस्तुर सार्वजनिक भाडा सरह लाग्ने छ । |

# अनुसूची-३
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## मनोरञ्जन कर

| सि. नं. | विवरण | मनोरञ्जन करको दर |
|---|---|---|
| १ | चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट | ५% |
| २ | साँस्कृतिक प्रदर्शन, दोहोरी साँझ, डान्सबार, कन्सर्ट, नाटकघर, भिडियो घर, थिएटर, पार्क | ५% |
| ३ | ऱ्याफ्टिङ्ग, बोटिङ्ग, प्यारागलाइडिङ, रक क्लाइम्बिङ्ग, बन्जी जम्पिङ्ग, स्वीङ्ग, जिप फ्लायर प्रति टिकट/विल | २% |
| ४ | मेला, महोत्सव तथा जादु सर्कस मेला सञ्चालन गराए वापत प्रति टिकट | ५% |

# अनुसूची-४

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## दहत्तर बहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर प्रति |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. २ देखि ३ सम्म |
| २ | माटो विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. १ |
| ३ | खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी कर मात्र लगाइनेछ । | | |
| ४ | खानीजन्य वस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको विक्रीमा विक्री गर्दा कै बखत विक्री मूल्यको (मूल्य अभिबृद्धि कर तथा अन्तः शुल्क बाहेक) ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग वापत शुल्क लगाइने छ । | | |
| ५ | खानीजन्य वस्तुहरुको उपयोग गरी क्लिङ्कर उत्पादन गरी विक्री वितरण गर्ने उद्योगबाट उत्पादित क्लिङ्करको विक्रीमा विक्री गर्दा कै बखत विक्री मूल्यको (मूल्य अभिबृद्धि कर बाहेक) ०.५ प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग वापत शुल्क लगाइने छ । | | |